**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ७ (गोदावरी) संख्या : ९९ मिति : २०८१/०३/२४

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर सभाबाट पारित मितिः २०८१/०३/२१**

**प्रमाणिकरण मितिः २०८१/०३/२३**

## विनियोजन ऐन, २०८१

**प्रस्तावनाः** गोदावरी नगरपालिकाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोदावरी नगरपालिकाको तेह्रौं नगरसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गोदावरी नगरपालिका विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१/४/१ गतेबाट प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः

(१) आर्थिक वर्ष २०८१/८२ को लागि नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा कार्यहरुका निमित्त अनुसूची १ बमोजिम रु.१,२२,३३,६५,०००/- (एक अर्ब बाईस करोड तेत्तीस लाख पैसट्ठी हजार मात्र) आन्तरिक आय र अनुदान (आन्तरिक श्रोत, केन्द्रिय तथा प्रदेश सरकारको अनुदान, सशर्त अनुदान चालु र पुजीगत समेत) रकममा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गरिनेछ ।

(२) चालु आ.व. भित्रै अनसूचि १ मा उल्लेखित श्रोत भन्दा अतिरिक्त चालु आर्थिक वर्षमा खर्च नभई जिम्मेबारी सरेको रकम र अन्य कुनै पनि निकायबाट सशर्त वा निशर्त रकम प्राप्त भएमा सो रकम खर्चको लागि बाधा पर्ने छैन तर उक्त रकमको खर्च नगरसभाबाट अनुमोदन गर्ने गरी कार्यपालिकाबाट स्वीकृत गराएर मात्र गर्नु पर्नेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त गोदावरी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) यस नगरपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन ऐनको अनुमानित कार्यक्रम बमोजिम अनुसूची–१ आयको अनुमान, अनुसूची–२ राजश्व तथा अनुदान प्राप्तीको विवरण, अनुसुची–३ खर्चको शिर्षकगत एकीकृत व्यय विवरण ( कार्यालय संचालन तथा प्रशासनिक खर्च विवरण, ऋण साँवा ब्याज भुक्तानी विवरण, सर्शत, निशर्त, चालु लगायतका खर्चहरुको विवरण, नगर तथा वडास्तरीय पूँजीगत कार्यक्रम, समपुरक कोष, दीगो विकास÷अन्तर्राष्टि«य सम्बन्ध, प्रवर्द्धनात्मक कार्यक्रम, सडक बोर्ड कार्यक्रम, गत वर्ष बाट जिम्मेबारी सरी आएका आयोजना, विशेष अनुदान/समपुरक कोषबाट गरिने कार्यक्रम, अन्य सशर्त कार्यक्रम) समावेश गरीएको र उल्लेखित अनुसूचीहरुको बजेट सिमा भित्र रहि कार्यक्रम कार्यान्वयन गर्न नगर प्रमुखलाई अख्तियारी प्रदान गरिनेछ ।

(४) अनुसुची–३ बमोजिमको विस्तृत विवरण सहितको नगर विकास योजना पुस्तीका अलग्गै प्रकाशन गरीनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढी र शिर्षक नै परिर्वतन गर्नु पर्ने भएमा नगर सभाको निर्णय बमोजिम हुनेछ ।

तर,

क) एउटै बजेट शिर्षक/उपशिर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

ख) पूँजीगत खर्च तर्फ विनियोजित रकम चालू खर्च शिर्षक तर्फ सार्न सकीने छैन ।

**४.वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था :** (१) संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजश्व समेतका आधारमा नगरपालिकाका वडाहरुलाई वित्तिय समानीकरण अनुदान र शुत्रमा आधारित अनुदान रकम निर्धारण गर्नेछ ।

(२) बडाहरुलाई अनुदान प्रदान गर्दा नगर कार्यपालिकाले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धीत वडाले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ ।

**५. वित्तिय अनुशासन सम्बन्धी व्यवस्था :** (१) स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नुपर्नेछ ।

क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक तथा वित्तिय नीति अनुशरण गर्ने,

ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

ग) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाईने,

घ) आय व्ययको वर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्ने,

ङ) यस नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट दिएको लेखा परीक्षण प्रतिवेदनका सुझावहरु बमोजिमको सुधार गर्नुपर्ने ।

**६. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले नगरपालिकालाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले या ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिन भित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँड गरी त्यसको जानकारी नगरपालिका र सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) नगरपालिका सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा नगरपालिकाले महालेखा नियन्त्रक कार्यालयको सहमति लिनु पर्नेछ ।

(६) उपदफा (५) जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका सञ्चित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धीत नगर प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम संशोधन भएको जानकारी कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धीत प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

**७. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :** (१) यस ऐनको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड राजपत्रमा प्रकाशन गरिनेछ ।

**८. आदेश जारी गर्न सक्ने :** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नगरपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

**आज्ञाले,**

हरिदत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१/०३/२४